# स्थानीय तहमा निर्माण भएन आधारभूत अस्पताल

**केदार तिमल्सिना**
*बनेपा, वैशाख १० गते*

स्थानीय तहमा अस्पताल निर्माणको कामले पूर्णता नपाउँदा सर्वसाधारण आधारभूत स्वास्थ्य सेवा पाउनबाट वञ्चित भएका छन्। गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच पुऱ्याउने उद्देश्यले सरकारले स्थानीय तहमा पाँच वर्ष पूरा हुँदा पनि आधारभूत अस्पताल पूरा हुन सकेको छैन। सरकारले सबै स्थानीय तहमा आधारभूत अस्पताल बनाउने उद्देश्यले आर्थिक वर्ष २०७७/७८ मा देशका ३९६ स्थानीय तहमा आधारभूत अस्पताल बनाउने कामका एकै साथ शिलान्यास गरेको थियो।



**काभ्रेपलाञ्चोकको बेथानचोकमा निर्माण गरिएको आधारभूत अस्पताल ।**

सरकारले आव २०७७/७८ मा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ३९६ वटै स्थानीय तहलाई पत्राचार गर्दै दुई वर्षभित्र भवन निर्माणको काम सम्पन्न गर्ने गरी ठेक्का प्रक्रिया अघि बढाउन निर्देशन दिएको थियो। सरकारले दुई वर्षभित्र अस्पताल बनाउने योजना अघि बढाए पनि हालसम्म पनि काभ्रेपलाञ्चोकका अधिकांश स्थानीय तहमा अस्पताल पूरा हुन सकेका छैनन् भने भवन निर्माण भएका स्थानीय तहमा अस्पताल सञ्चालन हुन सकेको छैन।

हालसम्म जिल्लाको धुलिखेल नगरपालिका र बेथानचोक गाउँपालिकामा आधारभूत अस्पताल सञ्चालनका लागि भवन निर्माण भए पनि धुलिखेलमा अस्पताल सञ्चालन गर्ने भवनमा हाल स्वास्थ्य चौकी सञ्चालन गरिएको छ। चौकीबाट दैनिक फरक फरक रोगका विशेषज्ञ डाक्टरबाट स्वास्थ्य सेवा उपलब्ध गराइएको जनाइएको छ।

बेथानचोक गाउँपालिकामा भवनको काम सकिए पनि अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति र उपकरण व्यवस्थापनका लागि सङ्घीय सरकार र प्रदेश सरकारलाई अनुरोध गरिएको गाउँपालिकाका प्रशासकीय अधिकृत राजेन्द्र भण्डारीले जानकारी दिनुभयो। उहाँले अस्पताल भवनको काम एक वर्षअघि नै सकिए पनि सङ्घीय सरकारबाट भवन निर्माणबापतको ७० लाख रुपियाँ आउन बाँकी रहेको बताउनुभयो।

जिल्लाको महाभारत, खानीखोला, चौँरीदेउराली, भुम्लु गाउँपालिका, मण्डनदेउपुर नगरपालिकामा आधारभूत अस्पताल सञ्चालनका लागि भवन निर्माणको काम भइरहेको छ। महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाले अस्पतालका लागि भवन निर्माण अन्तर्गत ६० प्रतिशत काम सकिएको बताउनुभयो। निर्माण व्यवसायीले पेस गरेको बिलका आधारमा सङ्घीय सरकारसँग बजेट माग गर्नुपर्ने व्यवस्थाका कारण सङ्घीय सरकारले बजेट माग गरेको छ महिनासम्म पनि बजेट नपठाउँदा निर्माण व्यवसायीले काममा ढिलाइ गर्ने गरेको गुनासो गर्नुभयो।

खानीखोला गाउँपालिकाका अध्यक्ष इन्द्रबहादुर थिङले मन्त्रालयले अस्पताल भवन निर्माणका लागि बजेट अभाव नहुने बताए पनि निर्माण व्यवसायीले काम गर्न आलटाल गर्ने गरेको बताउनुभयो। उहाँले निर्माण व्यवसायीका कारण अस्पताल निर्माणमा ढिलाइ भएको बताउनुभयो। जिल्लाको भुम्लु गाउँपालिकामा अस्पताल भवन निर्माणको काम अन्तिम चरणमा पुगेकाले वैशाखभित्र हस्तान्तरण भइसक्ने गाउँपालिकाले जनाएको छ। चौँरीदेउराली गाउँपालिकामा निर्माणाधीन अस्पताल भवनको काम असारभित्र सम्पन्न गरिसक्नुपर्ने सम्झौता अनुसार काम भइरहेको छ। गाउँपालिकाले असारभित्र भवनको काम सकिए पनि घेरा, पर्खालिलगायत केही काम बाँकी रहने जनाएको छ।

मण्डनदेउपुर नगरपालिकामा सञ्चालन गरिने आधारभूत अस्पताल भवनको काम धमाधम भइरहेको छ। निर्माण व्यवसायीसँग असारभित्र भवनको काम सक्ने सम्झौता अनुसार हालसम्म संरचना निर्माणको काम सकिएको र रङरोगनलगायतका काम बाँकी रहेको छ। यस्तै गत वर्ष असोज दोस्रो साताको बाढीका कारण रोसी गाउँपालिकाको अन्तिम चरणमा रहेको अस्पताल भवन बगाएपछि अस्पताल निर्माणका लागि अर्को जग्गाको पहिचान गरेको छ।

गाउँपालिका अध्यक्ष दिनेश लामाले आधारभूत अस्पताल निर्माणका लागि वडा नम्बर २ मा जग्गाको पहिचान गरिएको बताउँदै जिल्ला तहबाट निर्णय गर्न र मन्त्रालयमा पठाउन बाँकी रहेको बताउनुभयो। उहाँले असारभित्र जग्गा प्राप्ति गरिसक्ने बताउनुभयो।

यसै गरी पनौती नगरपालिकामा अस्पताल भवन निर्माणका लागि मन्त्रालयबाट कुनै बजेट नआएका कारण भवन निर्माणको काम भएको छैन। नगरप्रमुख रामशरण भण्डारीले नगरपालिकालाई छुट्टै भवन निर्माणका लागि कुनै बजेट नआएका कारण भूकम्पका समयमा निर्माण गरिएको भवनबाट सोमबारदेखि अस्पताल सञ्चालन गर्ने तयारी भएको बताउनुभयो।

उहाँले नगर अस्पताल सञ्चालनका लागि प्रदेश सरकारबाट एक्सरे र प्रयोगशालाका लागि ४० लाख रुपियाँ विनियोजन गरिएको बताउनुभयो। जिल्लाको बनेपा नगरपालिकाले कोभिडपछि वडा नम्बर ४ मा रहेको नाला स्वास्थ्य चौकीको भवनबाट १५ शय्याको अस्पताल सञ्चालन गरेको छ। पाँचखाल नगरपालिकाले आधारभूत अस्पतालका लागि वडा नम्बर ७ मा जग्गा प्राप्ति गरे पनि प्राथमिक स्वास्थ्य केन्द्रबाट पाँच शय्याको अस्पताल सञ्चालन गरेको छ। मण्डनदेउपुर नगरपालिकाले पनि कोभिडपछि पाँच शय्याको आफ्नै अस्पताल सञ्चालन गरेको छ।

जिल्लाको नमोबुद्ध नगरपालिकामा प्रादेशिक अस्पताल रहेकाले छुट्टै आधारभूत अस्पताल निर्माण गरिएको छैन भने तेमाल गाउँपालिकाले अस्पताल निर्माणका लागि जग्गा प्राप्त गर्न नसकेकाले अस्पतालको काम अघि नबढाएको जनाएको छ। सरकारले आर्थिक वर्ष २०७७/७८ मा जिल्लाको धुलिखेल नगरपालिका, खानीखोला गाउँपालिका, भुम्लु गाउँपालिका, महाभारत गाउँपालिका, रोसी गाउँपालिकामा अस्पताल निर्माण गर्ने घोषणा गरेको थियो।

सरकारले पाँच शय्याको अस्पताल निर्माणका लागि सात करोड १० लाख ९८ हजार, १० शय्याको अस्पतालका लागि १० करोड ८३ लाख ३६ हजार र १५ शय्याको अस्पतालका लागि १८ करोड छ लाख ८२ हजार रुपियाँ विनियोजन गरेको छ।

प्रदेश मन्त्रीपरिषद् बैठक

# ऐन संशोधनका लागि प्रदेश सभामा पेस गरिने

**मकवानपुर समाचारदाता**
*मकवानपुर, वैशाख १० गते*

बागमती प्रदेश सरकारले दुई वटा ऐन संशोधनका लागि बागमती प्रदेश सभामा पेस गर्ने भएको छ। प्रदेश सरकारले प्रदेश पर्यटन ऐन र प्रदेश राष्ट्रिय वन ऐन संशोधनका लागि बागमती प्रदेश सभामा लैजाने भएको हो। प्रदेश सरकारको बिहीबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा बसेको मन्त्रीपरिषद् बैठकले प्रदेश पर्यटन पहिलो संशोधन ऐन, २०८२ को मसौदा र प्रदेश राष्ट्रिय वन ऐन पहिलो संशोधन, २०८३ लाई प्रदेश सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।



*तस्बिर : राममणि दाहाल*

**बागमती प्रदेश सरकारका निर्णय जानकारी गराउनुहुँदै प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङ ।**

बैठकले स्वास्थ्य सेवामा कार्यरत ११ तहका अधिकृत डा. अर्जुनप्रसाद सापकोटाको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको प्रदेश सरकारमा प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले जानकारी दिनुभयो। बैठकले कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी नीति स्वीकृत र गत भदौमा भएको जेनजी आन्दोलनका क्रममा कार्यसम्पादन मूल्याङ्कन कागजात हराएको र फोटोकपी मात्र भएकाले प्रमाणीकरण गर्ने नीतिगत निर्णय गरेको छ।

बैठकले मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकारमा मकवानपुरमा दामोदर खनाललाई नियुक्त गर्ने निर्णय गरेको छ। खनाल मकवानपुरको बकैया गाउँपालिकाका पूर्वअध्यक्ष हुनुहुन्छ।

सहकारी मन्त्रालयको प्रस्तावमा समस्याग्रस्त सहकारीका पदाधिकारीले गत माघको ५ गतेबाट लागु हुने गरी दिएको राजीनामा स्वीकृत र गरिबी निवारण नीति, २०८२ स्वीकृत गर्ने निर्णय बैठकबाट भएको मन्त्री तामाङले बताउनुभयो।

यस्तै बैठकले सूचना प्रतिवेदन समितिको अध्यक्षमा धादिङका अध्यक्ष कृष्णराज अधिकारी र सदस्यमा मकवानपुरका अशोक श्रेष्ठलाई नियुक्त गर्ने निर्णय गरेको छ। बागमती प्रदेश विश्वविद्यालयको संरक्षकमा डा. प्रेमनारायण अर्याललाई नियुक्त गरिएको छ। अर्याल पोखरा विश्वविद्यालयका पूर्वउपकुलपति हुनुहुन्छ।

"बैठकले शैक्षिक छात्रवृत्ति निर्देशिका स्वीकृत र स्थानीय तहलाई आव २०८३/८४ मा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान रकम स्वीकृत गर्ने निर्णय गरेको छ," प्रदेश सरकारका प्रवक्ता तामाङले भन्नुभयो, "मन्त्रीपरिषद् बैठकबाट त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समितिको पहिलो संशोधन गठन आदेश, २०८२ स्वीकृत गरिएको छ।"

यसै गरी नवोबुद्ध क्षेत्र विकास समितिको अध्यक्षमा शङ्कबुद्ध लामालाई नियुक्त गरिएको छ। बैठकले खुबीराम अधिकारीलाई सहकारी तथा गरिबी निवारण मन्त्रालयमा हेर्ने गरी थप जिम्मेवारी दिएको छ।


**बागमती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कर्मैया, सर्लाही, मधेश प्रदेश**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८३।०१।११

यस नगरपालिकाबाट प्रकाशित सूचनाअनुसार निम्न बमोजिमको कार्य गर्न विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएकोमा पेस हुन आएको बोलपत्रहरूमध्ये तपसिल बमोजिमका न्युनतम मूल्यांकन तथा सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२)को प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

| क्र.स. | सूचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु.(मू.अ.कर PS र VAT सहित) |
|---|---|---|---|---|
| 1. | NCB WORKS/ BM/2082/ 083/04 | Construction of SakhuwaniAgriculture Market Infrastructure of Bagmati Municipality | GoodBuild Construction Pvt. Ltd, Chauri deurali, kavre | १०,०६,५७,५०३.९३ |

**प्रमुख प्रशासकीय अधिकृत**



## MIRCHAIYA MUNICIPALITY
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**MIRCHAIYA, SIRAHA**
**PROVINCE MADHESH, NEPAL**

**Invitation For Bids (IFB) : - 06-MM-2082/83, First Publication Date : 2083/01/11 (April -24, 2026)**

1. Mirchaiya Municipality, Office of the Municipal Executive, Mirchaiya, Siraha, invites bids for the following works.

| S.N. | Contract ID. | Description of works | Estimated Cost (With Vat+PS) (Nrs.) | Bid Security amount (Nrs.) | Cost of bidding documents(Nrs.) | Bidding Procedure | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 07-MM-NCB-Building Works-2082/83 | Construction of 2 Storey 4 Classrooms Building at Raghopur ma vi school. | 1,01,77,442.01 | 2,80,000.00 | 3,000.00 | Single Envelope Bidding Procedure | 2083/02/11 (May-25,2026 at 12:00 ) | 2083/02/11 (May-25,2026 at 13:00 ) |

| Description | Bank Name | Account Name | Account No. |
|---|---|---|---|
| For Cost of Bidding Document | NIC ASIA Bank, Mirchaiya Branch | GA 1.1- Antarik Rajashwa Khata | 0662050029387002 |
| For Bid Security | NIC ASIA Bank, Mirchaiya Branch | GA 3- Dharauti Khata | 6641498748524002 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO's web-site www.bolpatra.gov.np/egp.



## Siyari Rural Municipality
**Office of The Rural Municipal Executive**
**Harnaiya , Rupandehi**
**First Date of publication: 24-04-2026 (2083/01/11)**

**Invitation for Electronic Sealed Quotation**

1. Siyari Rural Municipality, Harnaiya, Rupandehi invites sealed quotations from registered firms for the procurement of works as mentioned here:

| S.N. | Sealed Quotation No. | Description | Bid security amount NRS/ Validity Period | Estimated amount NRS ( Without VAT but Including Ps) | Document Fee |
|---|---|---|---|---|---|
| 1 | 29/SQ/ WORKS/ SRM/2082-083 | Prabeshdwar Gate Nirman at Siyari Rural Municipality, Rupandehi. | 45,000 / 75 days | 1,584,867.37 | 1,000 |

2. Eligible Bidders may obtain further information regarding quotation submission deadline and inspect the quotation documents by visiting e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**



**Invitation for Bids**

## Laxminiya Rural Municipality
**Office of Rural Municipal Executive**
**Laxminiya Bazar, Dhanusha**
**Date of publication: 24/04/2026**

1. Laxminiya Rural Municipality,Office of Rural Municipal Executive, Laxminiya Bazar, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding.

| S.N | Contract ID No. and Description | Total Cost (Without VAT &contingencies) | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Amount Nrs. | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LAX/WORKS/06-2082/83 Dhanusha jilla laxminiya ga pa 1 sixlane babako dhaba dekhi sohni sinurjoda mahottariko tapanpur sadak nirman | 2434799.25 | Nrs.3000 | 25th May 2026 (Within 12:00 hrs) | 25th May 2026 Within 13:00 hrs | 90 days From last date of bid submission | Rs 60000.00 | 120 days From last date of bid submission |

2.Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ**
**सडक डिभिजन हेटौँडा, मकवानपुर**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशन मिति २०८३/०१/११

यस डिभिजनबाट राष्ट्रिय दैनिकको मितिः २०८२/११/१७ को संस्करणमा प्रकाशित Invitation For Bids Notice No: 05-2082/83 को PPMO को E–Procurement Portal मार्फत बोलपत्र आह्वान गरिएको तपसिलका निर्माण कार्यमा पेस भएका बोलपत्रदाताहरूबाट E–Bid मार्फत प्राप्त प्राविधिक एवम् आर्थिक प्रस्तावमध्ये मितिः २०८२/१२/१७ गते खोलिएको बोलपत्रदाताहरूको प्राविधिक प्रस्तावहरूको बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन सम्पन्न भई मितिः २०८३/०१/१० गतेको निर्णयले स्वीकृत भएको हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरूको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आर्थिक प्रस्ताव खोलिने मिति :- २०८३/०१/२१ गते सोमबार, समय :- बिहान ११:०० बजे, स्थान :- सडक डिभिजन हेटौँडा

| सि.नं. | ठेक्का नं | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरूको नामावली |
|---|---|---|
| 1 | RDHTD/ 33701138/ 2082/083-32 | 1. R.N.-Dakshya-Y&S J.V., Hetauda, Makwanpur<br>2. Anuj-Krijal-Visioners J.V., Hetauda-06, Makwanpur<br>3. Samrat Engineers Nirman Sewa, Khairahani-03, Chitwan<br>4. Panchakanya Construction, Hetauda-05, Makwanpur<br>5. Timely Construction Pvt. Ltd., Hetauda-04, Makwanpur<br>6. Kanyadevi-IDCD-Prasun J.V., Nilkantha-03, Dhading<br>7. Sahara-Dhading-Nidhyana J.V., Hetauda, Makwanpur<br>8. Syangtan-Laliguras-Durgalaxmi J.V., Hetauda-19, Makwanpur |
| 2 | RDHTD/ 33701138/ 2082/083-33 | 1. Kanyadevi-IDCD-Prasun J.V., Nilkantha-03, Dhading<br>2. R.N.-Archana-Susan J.V., Hetauda, Makwanpur<br>3. P&D.K.-Prasai J.V., Manthali-07, Ramechhap<br>4. Ethical Engineering Enterprises Pvt. Ltd., Kathmandu-32, Kathmandu<br>5. Sujan-Shia J.V., Kathmandu-32, Kathmandu<br>6. Timely Construction Pvt. Ltd., Hetauda-4, Makwanpur<br>7. Thokar-Thapakaji J.V., Manthali-01, Ramechhap |

**डिभिजन प्रमुख**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र**
**त्रिपुरेश्वर, काठमाडौँ**

## प्रविधि हस्तान्तरण कार्यक्रमका लागि आवेदन पेस गर्ने प्रस्तावकहरूलाई स्पेसिफिकेसन पेस गर्ने बारेको अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०८३।०१।११)

यस केन्द्रद्वारा मिति २०८२।०७।१३ गते मधेश प्रदेश र कर्णाली प्रदेश तथा मिति २०८२।११।१४ गते गोरखापत्रमा प्रकाशित सूचनाद्वारा कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका लागि प्रविधि हस्तान्तरणका लागि प्रस्ताव माग गरिएको व्यहोरा अवगत नै छ। सो सम्बन्धमा तत् तत् प्रदेशका कतिपय प्रस्तावहरूले कार्यविधिको अनुसूची बमोजिमको स्पेसिफिकेसन स्पष्टसँग खुलाई पेस नगरेकोले छनोट प्रक्रियामा समस्या उत्पन्न भएको हुँदा सूचना बमोजिम आवेदन गरेका सबै प्रदेशका सबै प्रस्तावहरूले देहाय बमोजिमको ढाँचामा आफूले माग गरेको प्रविधिको स्पष्ट स्पेसिफिकेसन खुलाई यो सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र केन्द्रको इमेल ठेगाना info@mcsipc.gov.np मा पुनः देहायको ढाँचा बमोजिमको स्पेसिफिकेसन पेस गर्नुहुन अनुरोध छ। स्पेसिफिकेसन नखुलेका र समयभित्र पेस नगर्ने आवेदकलाई मूल्याङ्कन प्रक्रियामा समावेश नगराइने व्यहोरा समेत जानकारी गराइन्छ। **देहाय**

| क्र.सं. | स्पेशिफिकेशन | कैफियत |
|---|---|---|
| १ | प्रविधिको नाम | |
| २ | प्रविधिको क्षमता | |
| ३ | प्रविधिको उत्पादन दर | |
| ४ | प्रविधिको अन्य प्राविधिक विवरण | |
| ५ | प्रविधिका Technical Features | |
| ६ | स्पष्ट पार्न चाहेका अन्य विवरण | |

**कार्यकारी अधिकृत**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**हुलाकी राजमार्ग निर्देशनालय**
**योजना कार्यालय, वीरगन्ज**

## ठेक्का अन्त्य गरिएको तथा फरफारखसम्बन्धी

**निर्माण व्यवसायीको नाम :– श्री सप्तकोशी जलाधार–ओम साई एण्ड कम्पनी जे.भी., काठमाडौँ**

सूचना प्रकाशित मितिः २०८३/०१/११

यस योजना कार्यालयअन्तर्गत पर्ने ठेक्का नं. HRP/337011284/077-78/UR-005, Upgrading of Remaining part of Manmat-Kalaiya-Matirarwa Road, Bara निर्माण कार्यको लागि पटक–पटक म्याद थप भई तोकिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ निर्माण व्यवसायीबाट चासो नदेखाई निर्माण कार्य अधुरो पारी विगत लामो समयदेखि कार्यस्थलमा धुलाम्य तथा हिलाम्यका कारण गाडीहरू दुर्घटना भइरहने एवं स्थानीय जनजीवन अति नै जोखिम/कष्टकर भइरहेको अवस्था छ। साथै यस योजना कार्यालयबाट विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा निर्माण कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदा एवम् स्वयं निर्माण व्यवसायीबाट पटक–पटक लिखित प्रतिबद्धता गरे बमोजिम समेत तोकिएको मितिमा निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न गर्नेतर्फ तदारुकता नदेखाइएकोले मिति २०८२/०६/३१ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा निर्माण व्यवसायी श्री सप्तकोशी जलाधार/ओम साई एन्ड कम्पनी जे.भी. काठमाडौँलाई ठेक्का किन नतोड्ने सम्बन्धी १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिए अनुसार निर्माण व्यवसायीबाट पेस भएको Updated Work Schedule र प्रतिबद्धता बमोजिम प्रगति नदेखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) तथा ठेक्का सम्झौता सर्त GCC Clause 72.1 (b)&(c) र 72.3 (b) & (g) निर्माण व्यवसायीबाट उल्लङ्घन भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(८) को प्रावधान बमोजिम कार्य सम्पादन जमानत वापतको रकम जफत गरिने, बाँकी कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुलउपर गरिने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८(२) बमोजिमको उपचार प्राप्त गरिने साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ को प्रावधान बमोजिम कालो सूचीमा राख्न सिफारिस गरिनेछ। हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नापजाँच तथा मूल्याङ्कन गरी वित्तीय फरफारख गर्न यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा उपस्थित हुनसमेत अनुरोध गरिन्छ। निर्माण व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभएमा कार्यालयबाट नाप जाँच गरिनेछ।

**योजना प्रमुख**